नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

☎०९१-५२११०१, ०९१-५२२४४६
dao.kailali@gmail.com
verify.daokailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63 Dhangadhi

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय धनगढी, कैलाली

## जिल्ला प्रशासन कार्यालय, कैलालीका प्रमुख जिल्ला अधिकारीबाट जारी भएको आदेश

यस जिल्लामा कोभिड-१९ को नयाँ भेरियन्टको संक्रमण दरमा वृद्धि भई धेरै व्यक्तिहरु संक्रमित र केहीको मृत्यु समेत भएको अवस्थामा हाल जारी निषेधाज्ञाले संक्रमणको चेनमा रोकावट आई संक्रमित हुने र मृत्यु हुने संख्यामा केही हदसम्म गिरावट आएको भएतापनि अझै पनि ढुक्क भइहाल्नुपर्ने अवस्था छैन भने अर्कोतिर निषेधाज्ञाको कारणले आम नागरिकको जीवन कष्टकर बनेको, आर्थिक गतिविधिहरु ठप्प भई मुलुकको अर्थतन्त्रमा गम्भीर धक्का पुगेको र दैनिक ज्यालादारीमा काम गरेर गुजारा चलाउने निम्नवर्गीय व्यक्तिहरुको जीवनयापनमा कठीनाई समेत उत्पन्न भइरहेको परिप्रेक्ष्यमा जनजीवनलाई क्रमश: सहज गर्दै केही मात्रामा आर्थिक गतिविधिहरु चलायमान बनाउनुपर्ने र कोभिड-१९ संक्रमणको रोकथाम र नियन्त्रण समेत गर्नुपर्ने दोहोरो जिम्मेवारी पूरा गर्नुपर्ने अवस्था रहेको हुँदा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ एवम् स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम यस कार्यालयबाट मिति २०७८/०२/२० र मिति २०७८/०२/३१ मा जारी गरिएको निषेधादेशलाई देहाय अनुसार थप तथा परिमार्जन गरी मिति २०७८ असार ८ गतेदेखि मिति २०७८ असार १५ गतेसम्म कैलाली जिल्लाभर लागू हुने गरी निरन्तरता दिइएको छ। सदाझैं यस आदेशको पालना गर्नु/गराउनु सम्बन्धित सबै सरकारी/गैरसरकारी संघसंस्था, व्यक्ति, पेशाकर्मी, उद्योगी/व्यवसायी, सञ्चारकर्मी तथा आमनागरिकको कर्तव्य हुनेछ। यस आदेशको उल्लंघन भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

### देहाय

१. मिति २०७८/०२/२० र मिति २०७८/०२/३१ मा जारी भएको आदेशमा उल्लेख भएका बुँदाहरुमा देहाय बाहेक अन्य सबै यथावत कायम रहने:

क. शिक्षण संस्था बाहेक सरकारी तथा सार्वजनिक कार्यालयहरुले आलोपालो गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी/गराई कार्यालयको कार्यप्रकृति अनुसार न्यूनतम संख्यामा मात्र कर्मचारी उपस्थित हुने व्यवस्था मिलाई सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने।

ख. मानिसहरुको भीडभाड हुने सबै प्रकारका कार्यक्रम, सभा, सम्मेलन, गोष्ठी, तालीम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लब, स्वीमिङ पुल, पार्क, मनोरञ्जनस्थल, सैलून, ब्यूटी पार्लर, हेल्थक्लब, फुटसल, जिमखाना, पुस्तकालय, संग्रहालय, सबै शिक्षण संस्था, समूहमा खेलिने दर्शक सहितका खेलकूद बाहेक निम्न पसल/व्यवसायहरु स्वास्थ्यका मापदण्डको पूर्ण रुपले पालना गर्ने गरी निम्नानुसार सञ्चालन हुने:

२०७८/०३/०६

खगेन्द्र प्रसाद रिजाल
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

- ✓ खाद्य सामग्रीका पसलहरु, निर्माण सामग्री, हार्डवेयर, ईलेक्ट्रोनिक्स र भाडा वर्तनका पसलहरु, पुस्तक पसल र स्टेशनरीहरु, कपडा, जुत्ता, फेन्सी, कस्मेटिक, गिफ्ट आइटम, भान्साजन्य पसलहरु, पूजा सामग्री बिक्री वितरण गर्ने पसलहरु, खेलकूद सामग्रीका पसल र टेलरिङ्ग पसलहरु बिहान ०६:०० बजेदेखि अपरान्ह ०३:०० बजेसम्म मात्र सञ्चालन गर्न सकिने।
- ✓ वर्कशपहरु बढीमा तीन जना मात्र कामदारहरु राखी बिहान ०७:०० बजेदेखि बेलुका ०७:०० बजेसम्म मात्र सञ्चालन गर्न सकिने।
- ✓ होटल, रेष्टुरेन्ट, खाजा तथा चिया पसलहरु पूर्ण रुपमा बन्द गर्ने। तर स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै बिहान ०८:०० बजेदेखि बेलुकी ०८:०० बजेसम्म होम डेलिभरी तथा टेक अवे सेवा मात्र दिन सक्ने।

ग. उल्लिखित पसल/व्यवसायहरुमा जनस्वास्थ्यका मापदण्ड र प्रोटोकलहरुको पूर्ण रुपमा पालना गर्ने/गराउने दायित्व सम्बन्धित सञ्चालकको हुनेछ। अनुगमनको क्रममा पालना नभएको पाइएमा पसल/व्यवसाय बन्द गराइने वा कानून बमोजिम कारवाही गरिनेछ।

२. जोर-विजोर प्रणालीका आधारमा सञ्चालन गर्ने गरी निजी सवारी साधन (कार, जीप, भ्यान) मा चालक समेत बढीमा ४ जना, ट्याक्सीमा चालक समेत बढीमा ३ जना, अटोमा चालक समेत बढीमा ३ जना मात्र सवार गर्न मिल्ने। अटो, मोटरसाइकल र स्कूटी समेत जोर-विजोर प्रणाली लागू गरी सञ्चालन गर्ने। यो व्यवस्था जिल्लाभित्र मात्र लागू गर्ने र जिल्ला बाहिर जानुपर्ने भए साविक झैं अनुमति लिनुपर्ने व्यवस्था मिलाउने।

यस आदेशमा उल्लेख भएदेखि बाहेकका बिषयमा नेपाल सरकार (मन्त्रिपरिषद्), कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र यस कार्यालयबाट जारी भएका सूचना तथा आदेश र निर्णय बमोजिम हुनेछ।

२०७८/०३/०७

मितिः २०७८/०३/०७

खगेन्द्र प्रसाद रिजाल
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner